# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १७ ] काठमाडौं, ज्येष्ठ १५ गते २०२४ साल [ संख्या ७


**श्री ५ को सरकार**

### अर्थ–मन्त्रालयको

### सूचना

भन्सार ऐन, २०१९ (संशोधनहरू सहित) को दफा ६ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले आर्थिक ऐन, २०२३ को भन्सार महसूलको दरबन्दीको अनुसूची २,३ र ४ मा उल्लिखित मुलुकहरूबाट उद्योग वाणिज्य–मन्त्रालय उद्योग विभागमा दर्ता भएका मिल कारखानामा मात्र प्रयोग गरिने गरी पैठारी गरिने इञ्जिन, मेशिनरी र स्पेयर्स पार्टस तथा भारतको लोकल वा ए.आर.वन. फर्मद्वारा पैठारि गरिने र अनुसूची ३ र ४ मा उल्लेख नभएका तर अनुसूची २ बमोजिम भन्सार महसूल मो. प्र.श. १ एक लाग्ने इञ्जिन, मेशिनरी र स्पेयर्स पार्टहरू र अनुसूची ३ तथा ४ को नं. ५३ (ख) ५४ (क) र (ख) तथा ५५ (क) र (ख) मा परेका वस्तुहरूमा पैठारी महसूल मूल्यको १ एक प्रतिशत मात्र लिई सोभन्दा बढी (महसूलमाथि लाग्ने सरचार्ज बाहेक) अरू महसूल र मूल्यको प्रतिशतले लाग्ने सरचार्ज र थप सरचार्ज नलिने गरी आंशिक रूपले छुट दिएको छ ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९२२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।